# सबै कोलोराडोवासी नेपालीको चाहना - आफ्नै साझा सामुदायिक भवन

अप्रिल १५, २०१८

**अप्रिल २८ देखि मे ५ सम्म हुने विशेष सप्ताहपूजामा सहभागी हुनुहोस् !**
**आयोजन स्थलः Village Exchange Center, 1609 Havana St., Aurora, CO 80010**

श्रीमान / श्रीमती / सुश्री ______________________________

कोलोराडोमा बसोबास गरिरहनुभएका कुनै पनि मूल, जातजाती, धर्मपरम्परा वा सांस्कृतिक समूहका नेपालीहरूको एउटै चाहना छ - हामी सबैको साझा स्वामित्वको एउटा सामुदायिक केन्द्र बनोस्, हाम्रो आफ्नै एउटा साझा घर होस् ।

यसै उद्देश्य परिपूर्तिका लागि सबै नेपाली संघसंस्थाहरू मिलेर आवश्यक वित्तीय श्रोतको जोहो गर्न पहिलो प्रमूख कडीका रूपमा आउँदो अप्रिल ८ देखि मे ५ सम्म सप्ताहपूजा र श्रीमद्भागवत पूराण कथाको वाचन कार्यक्रम आयोजना गरेका छौं । सप्ताहमा उपस्थिति र कथाश्रवणका लागि कुनै शुल्क वा चन्दा दिनु अनिवार्य छैन, सबैका लागि खुला छ । यसैसाथ संलग्न निम्ताकार्डमा कार्यक्रमको रूपरेखा पनि प्रकाशित गरिएको छ ।

**सप्ताह कार्यक्रमको अगुवाई नेपालदेखि पाल्नुहुने वाचनप्रवीण पण्डित दीनबन्धु पोखरेलज्यूले गर्दै हुनुहुन्छ ।** हाम्रो विनम्र आग्रह छ, कार्यक्रममा सहभागी भएर पुण्य आर्जन गर्नुहोस् र आफ्नो गच्छेअनुसार सामुदायिक भवन निर्माणका लागि निम्न रूपमा चन्दादान गर्नुहोस् ।

1. **कलश शोभायात्रा** - सानादेखि ठूला चार आकारका कलशहरू क्रमशः २५; ५०; १०० र २५० डलरमा उपलब्ध छन् । आफुलाई उचित लागेको आकारको कलश रोज्नुहोस् र परम्परागत पहिरनमा अप्रिल २८ का दिन बिहानको ८ बजे शोभायात्रामा सामेल हुनुहोस् । कलश सीमित संख्यामा मात्र उपलब्ध छन्, यथाशिघ्र रिजर्भ गर्नुहोस् । सप्ताहसमाप्तिपछि उक्त कलश तपाईंलाई उपलब्ध गराइने छ ।
2. **कर्ता** - अप्रिल २९ देखि मे ५ सम्म प्रत्येक दिन इच्छुक व्यक्तिलाई कर्ताको रूपमा पूजा गर्ने अवसर प्रदान गरिने छ । सीमित संख्यामा मात्र कर्ताहरूको समायोजन गर्न सकिने हुँदा कृपया हामीसँग तुरुन्तै सम्पर्क गर्नुहोस् । प्रत्येक कर्ताबाट कम्तीमा २५० डलर आर्थिक अनुदानको अपेक्षा गरिएको छ ।
3. **सत्रनायक** - सप्ताहअवधिभर गुरु पं. दीनबन्धु पोखरेलज्यूबाट हुने कथावाचनलाई सत्र-सत्रमा विभाजन गरिने छ र ५०० डलरभन्दा बढी चन्दा दिने दाताको नाम सभामा

उदघोषण गरिने छ । १,००० डलरभन्दा बढी चन्दा दिनेको नाम स्वयं गुरुबाट उदघोषण गरिने छ । पाँच हजार/दश हजार डलर वा अझ ठूला चन्दादाताहरूलाई सभानायक, सभामहानायक र अन्य विशेष किसिमले अभिवादन र सम्मान पनि गरिने छ । चन्दा एकमुष्ट वा पूर्वनिश्चित दरमा किस्ताबन्दीमा दिन सकिने छ ।

4. **महाआरती** - प्रत्येक दिनको पूजासमापन अवसरमा गरिने महाआरतीमा सहभागी हुन इच्छुक व्यक्तिको लागि २५ डलरमा छुट्टै दियो-थाली उपलब्ध गराइने छ ।
5. **सर्वसुलभ सहभागिता** - सामुदायिक भवन निर्माणको पुनित कार्यका लागि जोसुकैले आआफ्नो गच्छेअनुसार सर्वसुलभरूपमा चन्दा प्रदान गर्नसकुन् भन्ने उद्देश्यले आयोजना स्थलमा दानबाकसको प्रबन्ध गरिने छ । साथै, चन्दा ग्रहण गर्न तोकिएका व्यक्तिहरूको भिन्दै डेस्क पनि हुने छ । चन्दा नगद, चेक, क्रेडिट कार्ड वा पेपालबाट दिन सकिने छ ।

- **चेक काटने नामः** Nepali Ghar (Wells Fargo Account # 1284856711)
- **पेपाल लिङ्कः** https://www.paypal.com/cgi-bin/webscr?cmd=_s-xclick&hosted_button_id=9RMAUJLMHYS78
- **कलश शोभायात्रा, कर्ता, सत्रनायक र महाआरती सहभागिताका लागि सम्पर्क व्यक्तिः श्री नातीबाबु भट्ट, फोन नं.** (720) 937-3663

ईतिश्री शुभम् ।

भवदिय,
सप्ताहपूजा मूल आयोजक समितिका तर्फबाट नेपाली सामुदिक भवन परियोजना अध्यक्ष परिषदका निम्न सदस्यहरू -
रामप्रसाद श्रेष्ठ
विष्णुबहादूर श्रेष्ठ
नारायण श्रेष्ठ
पुरुषोत्तम पाण्डे
विजयराज शर्मा
नवीन दत्त
संगीता श्रोत्रिय